# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, फागुन ३ गते, २०७७ साल (संख्या ४२

## भाग ३

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको

सूचना

**शिक्षा (नवौं संशोधन) नियमावली, २०७७**

शिक्षा नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी नियमहरुको नाम "शिक्षा (नवौं संशोधन) नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **शिक्षा नियमावली, २०५९ को नियम २ मा संशोधन**: शिक्षा नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ख), (ग), (घ) र (ङ) को सट्टा देहायका खण्ड (ख), (ग), (घ) र (ङ) राखिएका छन्:-

"(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(ग) "केन्द्र" भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ।

(घ) "महानिर्देशक" भन्नाले केन्द्रको महानिर्देशक सम्झनु पर्छ।

(ङ) "निर्देशनालय" भन्नाले शिक्षा विकास निर्देशनालय सम्झनु पर्छ।"

३. **मूल नियमावलीको नियम ४७क. मा संशोधन**: मूल नियमावलीको नियम ४७क. मा रहेका "कक्षा दशमा" भन्ने शब्दहरुको सट्टा "कक्षा बाह्रमा" भन्ने शब्दहरु राखिएका छन्।

४. **मूल नियमावलीको नियम ५३ मा संशोधन**: मूल नियमावलीको नियम ५३ को उपनियम (१) को,-

(१) खण्ड (ङ) मा रहेका "स्वास्थ्य मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (च) मा रहेका "स्थानीय विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(३) खण्ड (ज) मा रहेका "कृषि तथा सहकारी मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "कृषि तथा पशुपन्छी विकास मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

५. **मूल नियमावलीको नियम ५७ मा संशोधन**: मूल नियमावलीको नियम ५७ को उपनियम (१) को खण्ड (घ) मा रहेका "सूचना तथा सञ्चार मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "सञ्चार तथा सूचना प्रविधि मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

६. **मूल नियमावलीको नियम ८० मा संशोधन**: मूल नियमावलीको नियम ८० को,-

(१) उपनियम (२) मा रहेका "कक्षा दशमा" भन्ने शब्दहरुको सट्टा "कक्षा बाह्रमा" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ:-

"(२क) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि महामारी वा यस्तै अन्य विपद्का कारण पठन पाठन अवरुद्ध भई विद्यालयबाट स्थानान्तरण हुनु परेको विद्यार्थीले स्थानान्तरण भई आउन चाहेको स्थानको विद्यालयमा सो व्यहोरा खोली निवेदन दिएमा सम्बन्धित विद्यालयले त्यस्तो विद्यार्थीलाई स्थानान्तरण गर्नु पर्नेछ र सोको जानकारी

सम्बन्धित विद्यालयले शिक्षा विकास तथा समन्वय इकाइलाई दिनु पर्नेछ।"

७. **<u>मूल नियमावलीको नियम ८४ मा संशोधन</u>**: मूल नियमावलीको नियम ८४ को उपनियम (१) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर महामारी वा यस्तै अन्य विपद् वा विकट हिमाली क्षेत्रका कारण शैक्षिक सत्र परिवर्तन गर्नु पर्ने अवस्था भएमा मन्त्रालयले शैक्षिक सत्र परिवर्तन गर्न सक्नेछ।"

<u>स्पष्टीकरणः</u> यस नियमको प्रयोजनका लागि "विकट हिमाली क्षेत्र" भन्नाले कालिकोट, जुम्ला, डोल्पा, मुगु, हुम्ला, मनाङ र मुस्ताङ जिल्लाका नियमित रुपमा विद्यालय सञ्चालन हुन नसक्ने हिमाली क्षेत्र सम्झनु पर्छ।

८. **<u>मूल नियमावलीको नियम १३८ मा संशोधन</u>**: मूल नियमावलीको नियम १३८ को,-

(१) उपनियम (१) मा रहेका "खण्ड (क), (ख), (ग) वा (घ)" भन्ने शब्दहरुको सट्टा "खण्ड (ख), (ग), (घ), (च) वा (छ)" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (२) मा रहेका "गर्न सकिनेछ" भन्ने शब्दहरुको सट्टा "गरिनेछ" भन्ने शब्द राखी सोही उपनियमको खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) स्थायी आवासीय अनुमति लिएमा वा सोको लागि आवेदन दिएमा,"

९. **<u>मूल नियमावलीको नियम १८२ मा संशोधन</u>**: मूल नियमावलीको नियम १८२ मा रहेका "महालेखा परीक्षकको

विभागबाट" भन्ने शव्दहरुको सट्टा "महालेखा परीक्षकको कार्यालयबाट" भन्ने शव्दहरु राखिएका छन्।

१०. **रुपान्तर:** मूल नियमावलीको ठाउँ ठाउँमा रहेका देहायका शव्दहरुको सट्टा देहायका शव्दहरु राखी रुपान्तर गरिएको छः-

(क) "जिल्ला शिक्षा अधिकारी" को सट्टा "शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख",

(ख) "जिल्ला शिक्षा कार्यालय" को सट्टा "शिक्षा विकास तथा समन्वय इकाइ",

(ग) "महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय" को सट्टा "महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय",

(घ) "विभाग" वा "शिक्षा विभाग" को सट्टा "केन्द्र",

(ङ) "विद्यालय शिक्षक किताबखाना" वा "शिक्षक किताबखाना" को सट्टा "राष्ट्रिय किताबखाना (शिक्षक)"।

**आज्ञाले,**
**गोपीनाथ मैनाली**
**नेपाल सरकारको सचिव।**